# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७४/०२/१९ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

-----------------------------------------------------

जिल्ला प्रशासन कार्यालय, नाबालक परिचय-पत्र शाखा, काठमाडौंमा कार्यरत नायव सुब्बा गोविन्द पुडासैनी र सेवा निवृत नायब सुब्बा मुक्तिनाथ दवाडीले आपसी मिलोमतोमा सेवाग्राहीसंग नाबालक परिचय-पत्र बनाउने प्रयोजनका लागि विभिन्न बहानामा काम गर्न आलटाल गरी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टंगालबाट खटिई गएको टोलीले निजहरुलाई रु.२६,०००।- (छब्बिस हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा नायव सुब्बा गोविन्द पुडासैनीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुंदा निजलाई बिगो रु.२५,०००।- (पच्चिस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) तथा ३(१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन र सेवा निवृत नायव सुब्बा मुक्तिनाथ दवाडीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(२) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुंदा निजलाई बिगो रु.२६,०००।- (छब्बिस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) तथा ३ (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता